जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ अंक १५१ ३० फाल्गुन २०८०, बुधबार 13 Mar. 2024 पृष्ठ ४ मुल्य रु.५

## मधेश प्रदेशका चोक-चोकमा राष्ट्रिय झण्डा



*फागुन २९ गते ।*

मधेश प्रदेशका चोक-चोकमा राष्ट्रिय झण्डा राख्ने चलन बढेको छ । राष्ट्रिय झण्डाप्रतिको सम्मान दर्साउन तथा चोकलाई सुन्दर बनाउन राष्ट्रिय झण्डा राख्न थालिएको हो ।


धनुषाको ढल्केबर, महेन्द्रनगर, जनकपुर र महोत्तरीको बर्दिवास चोकमा राष्ट्रिय झण्डा राखिएको छ । महोत्तरीको मटिहानीमा राखिएको झण्डा ११० फिट अग्लो छ । सो झण्डाको उद्घाटन उपराष्ट्रपति रामसहायप्रसाद यादवले गर्नुभएको थियो ।

यस्तै, धनुषाको ढल्केबर चोकमा स्थानीय क्लब तथा विभिन्न सङ्घसंस्थाले २५ वटा राष्ट्रिय झण्डा राखिएका छन् । मधेश प्रदेशको राजधानी जनकपुरधामको मुख्य प्रवेशद्वार तथा पूर्वपश्चिम राजमार्गसँग जोडिएको महेन्द्र पार्कका तीन वटै कुनामा पनि झण्डा ठड्याइएको छ । झण्डा राखेपछि चोक सुन्दर देखिएको स्थानीयको भनाइ छ। मिथिला उद्योग वाणिज्य सङ्घका महासचिव दीपक लामाले राष्ट्रिय झण्डा नेपालको पहिचान, सम्मान र राष्ट्रियतासँग जोडिएकाले ढल्केबर चोकमा राखिएको बताउनुभयो। साउन महिना पहिलो पटक झण्डा राखिएको बताउनुहुँदै उहाँले त्यसयता दुई पटक नयाँ झण्डा फेरिएको जानकारी दिनुभयो ।

"घामपानीको असरले झण्डाको रङ खुइलिन थालेपछि नयाँ फेरिएको हो । झण्डा ठड्याउनु ठुलो कुरा होइन् । हेरचाह पनि गर्नुपर्छ", महासचिव लामाले भन्नुभयो । उहाँले झण्डा च्यातियो अथवा धुलो मैलो भएको अवस्थामा तुरुन्त बदल्ने व्यवस्था मिलाइएको बताउनुभयो।

जनकपुरका अमरेन्द्रकुमार यादवले भने देखासिकीमा जथाभावी राष्ट्रिय झण्डा राख्न नहुने बताउनुभयो । चोकको सौन्दर्य बढाउन तथा सम्मानमा राष्ट्रिय झण्डा राखेपछि त्यसको उचित रेखदेख हुनुपर्ने उहाँको भनाइ छ।उहाँले भन्नुभयो, "राष्ट्रिय झण्डा हामी नेपालीका लागि सम्मान तथा पहिचान हो। त्यसैले देखासिकी गरेर जथाभावी ठड्याउनु हुँदैन ।" यस्तै, देखासिकीमा कतिपय स्थानमा राखिएका झण्डा च्यातिएको अवस्थामा देखिएको यादवले बताउनुभयो ।सरकारले राष्ट्रिय झण्डा प्रयोगसम्बन्धी कार्यविधि, २०६९ परिवर्तन गरी राष्ट्रिय झण्डालाई निजी घरमा पनि राख्न पाइने गरी निर्देशिका परिवर्तन गरेको छ ।

## होटलमा बेहोस अवस्थामा भेटिएकी युवतीको मृत्यु



*फागुन २९ गते ।*

जनकपुरधामको रामानन्द चोकस्थित सिटी स्टार होटलमा बेहोस अवस्था भेटिएकी युवतीको मृत्यु भएको छ ।

मङ्गलबार बिहान ८ बजे पोखराकी अन्दाजी २७ वर्षीया खुश्बु सुनार सो होटलमा बेहोस अवस्थामा भेटिनुभएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रन्जन अवाले बेहोस अवस्थामा भेटिनुभएको सुनारको उपचारका क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको बताउनुभयो। उहाँका अनुसार सो युवतीसँगै होटलमा बसेका दुई जना युवक फरार छन् ।

"होटलमा युवतीसँग दुई युवक बसेको जानकारी प्राप्त भएको छ। ती युवकहरू फरार भएका छन् । ती दुई युवकको खोजी कार्य भइरहेको छ," प्रवक्ता अवाले भन्नुभयो।

युवतीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको र घटनाका विषयमा थप अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो।


## दादुरा -रुबेला खोप अभियान

२०८० फाल्गुन २२ गते देखि फाल्गुन २९ गते सम्म




दादुरा ,रुबेला अतिनै संक्रामक र प्राणघातक रोगहरु हुन्। यसबाट बालबालिकाको मृत्यु समेत हुन् सक्छ। त्यसैले आफ्ना बालबालिकालाई दादुरा -रुबेला खोप लगाएर यी रोगहरु लाग्नबाट बचाऔ ।

यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट नियमित खोप पनि दिइदैछ। त्यसैले नियमित खोप छुटेको भए खोप केन्द्रमा जाँदा नियमित खोप कार्ड पनि लिएर जानु होला।

खोप नि:शुल्क पाइन्छ खोप सुरक्षित छ खोपले जीवन रक्षा गर्छ

आफ्नो गाउँ -टोलमा संचालन हुने खोप केन्द्रमा नाम,संचालन हुने मिति र उमेर समूहबारे थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका वा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस्। खोप अभियान सम्बन्धि जानकारीका लागि पैसा नलाग्ने न.१११५ मा सम्पर्क गर्नुहोला ।

बर्दिबास नगरपालिका

बर्दिबास , महोत्तरी

## दिपक पार्टी प्यालेस एण्ड होटल

बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*याँहा विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।

सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय

**समाज बदल्न युवा भूमिका**

विश्वविद्यालयबाट कहिल्यै दीक्षित हुन नपाएका एप्पल तथा पिक्सार एनिमेसनका प्रमुख कार्यकारी स्टिभ जब्स स्टान्फोर्ड विश्वविद्यालयको दीक्षान्त समारोहमा विशिष्ट वक्ताका रूपमा निम्त्याइए। दीक्षित युवामा भविष्यप्रति आशा र प्रेरणा जगाउन उनले आफ्नै कथा 'कनेक्टिङ द डट' लाई मार्मिक ढङ्गले प्रस्तुत गरे। भविष्यको निर्माण भनेको छरिएका बिन्दुहरूबिच सम्भावना खोजेर सरल रेखा बनाउनु जस्तै होरु। दुःखद अवस्थालाई पृष्ठभूमिमा राखेर, परिस्थितिमा सम्भावना खोजेर, तिनलाई आशामा जोडेर एउटा वृत्तिपथ बनाउन सकिन्छ, बिन्दुहरू जोडेर सरल रेखा बने जस्तैरु। विश्वविद्यालय त भविष्य निर्माण गर्ने औपचारिक प्रतिष्ठान नै भए तर मस्तिष्कको प्रयोगशाला र मनको भावनालाई जोड्ने युवा आफ्नो भविष्य निर्माण गर्दागर्दै समाजको पुनर्निर्माण पनि गरिरहेका हुन्छन।

टेक्सास विश्वविद्यालयकी एन्थोनी ग्याल्सावाका अनुसार युवाभित्र उनीहरूले चाहेको विश्व हुन्छ, उनीहरूलाई सशक्तीकृत गरेर नै त्यो विश्व प्राप्त गर्न सकिन्छ। मस्तिष्कमा लुकेको विम्बलाई बाहिर ल्याउन प्रेरणा र वातावरण चाहिन्छ, संस्था र सरकारले गर्नुपर्ने त्यही हो। स्टिभ्स जब्सको मस्तिष्कमा रहेको विश्व (विम्ब) आजका युवाले उपभोग गरिरहेका डिजिटल ग्याजगेट्समा देखिएको छ। जब्स प्रतिनिधि पात्र मात्र हुन्, सबै युवामा सपना हुन्छ, सबैका सपना अर्थ खोजिरहन्छन्रु। एउटा सफलताले अर्को सफलतालाई सहज बनाउँछ र अर्को सफलतालाई आमन्त्रण गर्छरु। गुगलका प्रमुख कार्यकारी सुन्दर पिचाइ वा इमेल सर्जक साविर भाटियाले देखेको सपना र सपना प्राप्तिको कथा जब्सका जस्तै छन। नेपालका महावीर पुनको सपनाले इनोभेसन दियो, सन्दुक रुइतका सपनाले जीवन ज्योतिरु। युवा वय सपना र साधनाको उर्वर अवस्था हो।

सन् २००० पछि विश्वका प्रमुख व्यापारिक घरानाले प्रमुख कार्यकारी नियुक्तिमा युवालाई प्राथमिकतामा राखेरु। महाप्रबन्धक भनिने पदलाई प्रमुख कार्यकारी अधिकृतले विस्थापन गर्‍यो। महाप्रबन्धकहरू सेवा उत्पादनको प्रबन्ध र बजारको व्यवस्थापनमार्फत नाफा कमाउँथेरु। प्रमुख कार्यकारी अधिकृतहरूले त्यति गरेर नपुग्ने भयो। परम्परागत प्रविधिमाथि चुनौती दिई निरन्तर नवप्रवर्तन परिवर्तन गरी उपभोक्ता स्वाद र सन्तुष्टि विस्तार गर्नुपर्ने दायित्व थपियो, प्रतिस्पर्धात्मक वातावरणमा आफैँसँग पनि स्पर्धा गरी औचित्य सिद्ध गर्नुपर्ने भयोरु। जसका लागि युवा नै कार्यकारी जिम्मेवारीमा पुग्नुपर्ने छरु। किनकि सपना देख्ने सोच र सपना पूरा गर्ने सामर्थ्यमा युवाशक्ति अब्बल मानिन्छ।

# लागुऔषध गाँजा बरामद





पर्साबाट प्रहरीले लागुऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । बीरगन्ज महानगरपालिका वडा नं.९ घण्टाघर तरकारी बजार नजिकै रहेको टेम्पु स्टेशनबाट एकजनालाई प्रहरीले लागुऔषधसहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सखुवाप्रसौनी गाउँपालिका वडा नं. ८ बस्ने ५५ वर्षका ध्रुब कुमार रहेका छन् । शंकास्पद रुपले हिडिँरहेका उनको साथमा रहेको सेतो प्लाष्टिकको झोलाबाट लागुऔषध गाँजा फेला पारेको पर्साका प्रहरी नायब उपरिक्षक प्रवक्ता ध्रुब कुमार श्रेष्ठले बताए । उनको साथबाट ३ केजी ५०० ग्राम लागुऔषध गाँजा बरामद भएको प्रवक्ता श्रेष्ठले बताए ।

पक्राउ परेकामाथि लागुऔषध सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।यसैगरि प्रहरीले बीरगन्ज महानगरपालिका वडा नं.१६ स्थित कवाड गोदामबाट ५ केजी लागुऔषध गाँजा बरामद गरेको जनाएको छ । लागुऔषध गाँजा खरिद बिक्री भइरहेको विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय विर्ता र इलाका प्रहरी कार्यालय नगवाबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त परिमाणमा गाँजा बरामद गरेको प्रवक्ता श्रेष्ठले बताए ।गोदामभित्र लुकाइछिपाई राखिएको तिन पोकामा लागुऔषध गाँजा ५ केजी ८०० ग्राम फेला पारेको प्रहरी बताउँछ ।

गोदाम संचालक भारत विहार जिल्ला पूर्वी चम्पारण ग्राम बस्तीपुर सिमरा रामगढवा बस्ने ३० वर्षका अरविन्द कुमार गुप्ता भने फरार रहेकाले उनको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# मलङ्गवा साक्षर नगर घोषणा

सर्लाहीको सदरमुकाम समेत रहेको मलङ्गवा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएको छ । नगरभित्रका ९६.१३ प्रतिशत नागरिक साक्षर भएको दावीसहित मलङ्गवालाई सर्लाही जिल्लाको पहिलो साक्षर नगरपालिका घोषणा गरिएको हो । नगरप्रमुख नागेन्द्र प्रसाद यादवको अध्यक्षतामा सर्लाही क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य एवम् निवर्तमान खानेपानी मन्त्री महिन्द्रराय यादवले साक्षर मलङ्गवा घोषणा स्तम्भको अनावरण गर्दै मलङ्गवालाई साक्षर नगर घोषणा गर्नुभएको हो । नगरको १२ वटा वडाका १५ वर्षदेखि ६० वर्ष उमेर समूहका पाँच हजार ६३० जनामध्ये पाँच हजार ४१२ जना अर्थात् ९६.१३ प्रतिशत नागरिक सामान्य लेखपढ गर्नसक्ने भएपछि साक्षर नगरपालिका घोषणा गरिएको नगरपालिकाका सूचना अधिकारी राजकुमार अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रत्येक वडामा शिक्षक परिचालन गरी सिकाइ केन्द्र सञ्चालन गरेर १५ वर्षदेखि ६० वर्ष उमेर समूहका नागरिकलाई विभिन्न चरणमा लेखपढ गर्न सिकाइएको छ ।

अभियान सञ्चालनपश्चात नगरभित्र अहिले ९६.१३ प्रतिशत नागरिक सरकारले साक्षर पालिका घोषणाका लागि बनाएको मापदण्ड अनुसार लेखपढ गर्न सक्ने भएका नगरपालिकाले दावी गरेको छ । नगरप्रमुख नागेन्द्रप्रसाद यादवले अक्षर नचिन्ने, आफ्नो नाम लेख्न तथा हस्ताक्षर गर्न नसक्ने व्यक्तिलाई सम्झाइबुझाइ गरी सामान्य अक्षर चिन्न सक्ने तथा आफ्नो नाम लेख्न सक्ने बनाइएको बताउनुभयो। पहिलो चरणमा प्रत्येक घरधुरीमा पुगेर निरक्षर व्यक्तिको तथ्याङ्क सङ्कलन गरी दोस्रो चरणमा शिक्षक परिचालन गरेर सामान्य लेखपढ गर्न सिकाइएको हो । कार्यक्रममा मलङ्गवा नगरपालिकालाई साक्षर बनाउन योगदान पुर्‍याउने सामुदायिक विद्यालयका शिक्षकहरुलाई सम्मान गरिएको प्रमुख प्रशासकीय अधिकृत होमनाथ सुवेदीले जानकारी दिनुभयो । सोही समारोहमा 'साक्षर मलङ्गवा नगरपालिका' नामक पुस्तक विमोचन गरिएको छ। कार्यक्रममा निवर्तमान मन्त्री महिन्द्रराय यादव, प्रदेशसभा सदस्य कौशलकिशोर राय, प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलालगायतले सम्वोधन गर्दै आगामी दिनमा पनि सचेतना जगाउने र निरक्षरलाई साक्षरे अभियानलाई निरन्तरता दिन सुझाव दिनुभएको छ ।


**विज्ञापन गराउन**

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि

रेडियो जुनतारा१०३.४ मेगाहर्ज

गौशाला महोत्तरी

सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह

सम्पर्क न. :९८२९९३६३९८


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |


**स्वास्थ्य सन्देश**

१. वर्षायाम सँगै औलो, कालाजार, डेंगु, जापनिज इन्सेफ्लाइटिस र हात्तीपाईले,जस्ता रोगहरू फैलन सक्ने हुदा यी रोगवाट बच्न निम्न उपायहरू अपनाऔ।

- घर आँगन सधै सफा राखौं।
- घर वरिपरिका खाल्डा खुल्डी पुरेर पानी जम्न नदिऔं।
- पुरा बाहुला र शरिर ढाक्ने लुगा लगाऔं।
- प्लाष्टिक तथा टिनका बट्टाहरू, टायर, गमला तथा कुलरमा पानी जम्न नदिऔं।
- घरको झ्याल ढोकामा जाली लगाऔं।
- सुत्दा झुलको प्रयोग गरौं।
- ज्वरो आएमा नजिकको स्वास्थ्य संस्थामा जचाउन जाऔं।

पिपरा गाउँपालिका

पिपरा ,महोत्तरी

# आँप उत्पादन बढ्ने



*फागुन २९ गते ।*

लहानको राजधानीको रूपमा चिनिएको लहानमा मञ्जरी लागेको आँपको स्याहार गरे उत्पादन बढ्ने लहान नगरपालिका कृषि शाखा लहानले जनाएको छ। अहिले मधुवा किराको प्रकोपबाट बचाउन कृषि शाखाले किसानलाई औषधी वितरण र प्राविधिक ज्ञान दिई कार्यक्रम अघि बढाएको छ।

एक हजार हेक्टरमा लहानमा हुने आँप खेती गरिरहेका कृषकहरूले यति बेला आँपमा लागेको मञ्जरी स्याहार गर्न कृषकहरूलाई प्राविधिक ज्ञान र मञ्जरमा छर्किने औषधी वितरण गर्न लागिएको लहान नगरपालिका कृषि शाखाका प्रमुख प्रकाश साह हलुवाइले बताउनुभयो।

उहाँको अनुसार लहान नगरपालिका -३,५,१३,१७, १८,१९, १३ र २४ नम्बर वडा आँपको पकेट क्षेत्रमा अहिले आँपमा लागेको मञ्जरमा इमाडिक्लोरोपडि एक लिटर पानीमा एक एमएल औषधी हालेर छर्किने, टिकुला लागेपछि त्यही मात्रामा त्यही औषधी छर्किदा, आँपको बगैँचाको सरसफाइ र दस दिनको फरकमा सिँचाइ गरे आँप मञ्जर झने र टिकुलु लागेपछि कुहिनेबाट जोगाउन सकिन्छ।

मञ्जरमा लागेको मधुवा किराको प्रकोपबाट जोगाउन अहिले कृषि शाखा सक्रिय भएको छ।

कृषकहरूलाई आँप उत्पादनसम्बन्धी प्राविधिक ज्ञान र आँपमा मञ्जर लागेदेखि पाक्ने बेलासम्ममा गर्नुपर्ने तौर तरिकाबारे सिराहाका लहान नगरपालिका, धानगडीमाई नगरपालिका, गोलबजार नगरपालिका, मिर्चैया नगरपालिका र कर्जन्हा नगरपालिकाको चुरे क्षेत्रमा मनग्गै फल्ने आँपको व्यवस्थापनको लागि लोकमार्गदेखि उत्तरी भेगका पाँच वटै नगरपालिकामा आँपको भण्डारण गर्न चिस्यान केन्द्र स्थापना गर्नुपर्ने नेपाल राष्ट्रिय कृषक महासङ्घ सिराहाका अध्यक्ष प्रदीप दनुवारले भन्दै सिराहामा भइरहेको पाँच हजारभन्दा बढी हेक्टरमा भइरहेको आँप खेतीलाई स्थानीय तह नगरपालिकाहरुले कृषकहरूलाई प्राविधिक ज्ञान दिन आवश्यक रहेको बताउनुभयो।

कम्तीमा तीन वर्षको लागि आँपको बगैँचा ठेक्कामा लिइने आँप व्यापारीहरूले प्रत्येक वर्ष आँप फलाउन अत्यधिक हर्मन भएका औषधीहरू हाल्दा आँपका रुखहरूको जीवनचक्र कम हुनु र किसानहरूले आँपको उचित मूल्य पाउन नसकिरहेको विषयमा लहान नगरपालिकाले विशेष कार्यक्रम ल्याउन लागेको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, लहानको आँपको माग नेपालमा मात्रै होइन, विदेशमा समेत हुन लागेकोले गल वर्ष नै लहानको आँप लेखिएको कार्टुनमा प्याक गर्ने कार्यक्रम सुरु गरी सकिएको छ। यसलाई व्यवस्थित बनाउन यस वर्षदेखि विशेष कार्यक्रम ल्याउन लागेका छौं।

सिराहाका् लोक मार्गदेखि उत्तरी चुरे क्षेत्रसम्म आँपको लागि चाहिने माटो वातावरण अनुकूल भएकोले यस भेगमा फल्ने आँपको स्वाद अन्य भेगमा फल्ने आँपभन्दा फरक हुने गर्दछ।

पूर्व बलानदेखि पश्चिम कमलासम्म लहान, धनगडीमाइ,गोल बजार,मिचैया र कर्जन्हा नगरपालिकाले अनुदानमा कृषकहरूलाई आँपको बिरुवा उपलब्ध गराएपछि आँप खेती विगत वर्षहरूको तुलनामा ह्वातै बढेको छ।

## दैनिक राशिफल

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) आज आर्थिक सङ्टले गर्दा मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज नयाँ कार्यको योजना बन्नेछ। नजिकको व्यक्तिबाट आँटेको काम सफल हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) महत्त्वपूर्ण अवसर गुम्न सक्छ। स्वास्थ्य मापदण्ड पूरा गर्नु पर्छ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) खेल र मनोरञ्जनमा सहभागी भइएला। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्य सम्पादनमा समस्या आउला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज धनार्जनका नयाँ स्रोतहरूमा विचार बढ्नेछ।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज आँटेको र ताकेको कार्य पुरा होला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने समय छ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) शुभ कार्यको चर्चा चल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्ला।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) मनमा उत्साहका साथै बोली बिक्ने समय छ।

मकर(भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज कुनै कुराले मनमा शान्ति छाउला।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) नयाँ कामको योजना बन्नेछ। काम गर्ने जोशजाँगर र उमङ्ग बढ्नेछ।

# मेवा : औषधिय गुणले भरिपूर्ण



मेवा तराई र भित्री मधेसमा सजिलै उपलब्ध हुने फल हो। यो फल औषधिय गुणले भरिपूर्ण हुन्छ। त्यसो त, मेवाका रुखको प्रत्येक भागमा कुनै न कुनै औषधिय गुण पाईन्छ। प्राचिनकालदेखि नै मेवाको पातहरू घाउ सफा गर्न, दाद र दुखाई निको पार्न प्रयोग गरिँदै आएको पाईन्छ। यसको जरामा पिसाब लगाउने शक्ति हुन्छ। मेवामा पर्याप्त मात्रामा क्यारोटेन नामको तत्व हुन्छ, जसले शरीरमा भिटामिन ए बनाँउछ। यसमा पोटासियम पनि पर्याप्त मात्रामा हुन्छ। साथै भोजन पचाउन चाहिने विभिन्न तत्व हुन्छन्। काँचो मेवा खानाले कब्जियतबाट छुट्कारा दिलाउँछ। पाकेको मेवा कलेजोको विभिन्न समस्या समाधानका लागि लाभदायक हुन्छ। झाडापाखाला लागेमा बेलामा पाकेको मेवाको सेवनले पाखाला बिस्तारै कम हुन्छ। कब्जियतमा पाकेको मेवाको २० देखि २५ वटा बीउ १० देखि १५ दिनसम्म दिनको २ पटक खाँदा कब्जियत हट्छ। मेवाको पातलाई आगोमा तताएर दुखेको ठाँउमा राख्दा दुखाई कम हुन्छ।मेवा रक्तअल्पता अर्थात् शरिरमा रगतको मात्रा कम हुँदा पनि प्रयोग गर्न सकिन्छ। रक्तअल्पता हुँदा मेवाले औषधिको काम गर्छ। काँचो मेवाको तरकारी र पाकेको मेवा दिनमा २ / ३ टुक्रा खाँदा सुत्केरीको दुध बढाउँछ। शरीरमा रगतको मात्रा वृद्धि गर्छ। यसले आँखालाई समेत फाईदा पुऱ्याउँछ। र, रतन्धो हुनबाट जोगाउँछ।

मेवामा पाईने विशेष तत्वले घाउमा भएका मृत कोषिकाहरूलाई हटाउँछ र घाउलाई निको पार्छ। यसका लागि केही दिनको समय भने लाग्छ। घाउलाई पहिले सफा गरेर मृत कोषहरू हटाउनुपर्छ। घाउमा पीप छ भने बिरामीलाई दिनको २/३ घण्टामा दाँया बाँया कोल्टो पारेर सुताउनुपर्छ। त्यसपछि कीटाणुरहित सफा पातलो कपडाई काँचो मेवाबाट निस्कने सेतो दुधजस्तो पदार्थमा भिजाएर घाउमा राख्नुपर्छ। यो क्रिया दिनदिनै गर्नुपर्छ। घाउ गहिरो छ भने दिनको १ / २ चोटी दोहोऱ्याउनुपर्छ। साथै बिरामीलाई कोल्टे फर्काउनुपर्छ। पाकेको मेवाको गुदीलाई मिचेर अनुहारमा केहीबेर दल्ने र एक छिन राखेर धुने गरेमा अनुहारमा चमक ल्याउछ।


भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

PG To Grade 6

ADMISSION OPEN

नेपाल सरकार द्वारा मान्यता प्राप्त

"Excellent education is our passion"

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,
आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,
जि.डी.एम. स्कूल, अब तपाईकै शहरमा हार्दिक स्वागत गर्दछौं।

**हाम्रा विशेषताहरू:**

- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेष्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

**Why choose us?**

- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe inironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

G.D.M. ENGLISH BOARDING SCHOOL

संस्कारयुक्त शिक्षा

PG To Grade 6

Gaushala-5, Mahottari Near to Brahamsthan

Contact.-9801605172, 9815840565, 9867807469

gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# सुनको सिक्रि नपाएपछि विवाह रद्द

फागुन २९ गते ।

दाइजोमा सुनको सिक्री नपाउँदा वीरगन्ज महानगरका एक कर्मचारीले सोमबार राति विवाह नै रोकेपछि प्रहरीले उनलाई मंगलबार बिहानै २ बजे पक्राउ गरेको छ। बेहुली पक्षले प्रहरीलाई उजुरी दिएपछि बेहुला पक्राउ हुन्।



वीरगन्ज महानगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत कम्प्युटर अपरेटर उमेश साहले दाइजोमा सुनको सिक्री नपाएपछि विवाह नै रद्द गरेका थिए। बारा कलैया उपमहानगरपालिका-४ सिनेमा चौक बस्ने साहले दाइजोमा नगद १२ लाख, मोटरसाइकल बापत ३ लाख २५ हजार, एक थान ल्यापटप र एक एक थान सुनको औंठी र हनुमानको माला पाइसकेपछि पनि गए राति मण्डपमा सुनको सिक्री नपाएपछि बिहे नै रोकिदिएर जन्ती फिर्ता लगेका थिए।

विवाह मण्डप बनिसकेको थियो। आफन्तलगायत सबै बेहुलासहित आएको जन्तीदेखि खुसी बनेका थिए। वरमाला तथा विवाहको सुरुवाती रिवाज मधेसको समुदाय तिर हुने (पर्छावन) भइसक्दा अब बिहेका लागि बेहुला मण्डपमा पुग्दा विभिन्न प्रकारका बहाना बनाउँदै करिब २ बजे राति बेहुला साहले बिहे नगर्ने आलटाल गर्न लागेको केटी पक्षको भनाई छ।

पर्साको वीरगन्ज महानगरपालिका-२४ रानीघाटका सुखल साहकी अन्दाजी २४ वर्षीय छोरी रमिता कुमारीको विवाह बाराको कलैया उपमहानगरपालिका-४ सिनेमा चौक निवासी बच्चलाल साहका अन्दाजी २६ वर्षीय छोरा उमेश साहसँग फागुनमा २८ हुने तय भएको थियो। तर, आर्थिक अभावका कारण सुखलले दाइजोमा १२ लाख दिए मोटरसाइकल बापत ३ लाख २५ हजार दिए अन्य सब समान दिए पनि बिहे गर्न आएका बेहुला उमेशले सिक्री नपाउँदा बिहे नै गरेनन्।

ऋण काढेर भए पनि छोरीको विवाहका लागि आवश्यक सबै तयारी पूरा गरेका सुखल छोरीको विवाह रोकिएपछि मारमा परेका छन्। साहुसँग चर्को ब्याजमा ऋण काढेर सम्पूर्ण तयारी गरे पनि विवाह नै नभएपछि सुखल थप आर्थिक मारमा परेका हुन्। जन्तीलाई स्वागत गर्न पन्डालदेखि राम्रो खाना नास्ताको पनि व्यवस्था गरेको भए पनि लगभग ५० हजारको सिक्री नपाउँदा बेहुलाले मण्डपबाट भाग्न खोज्दा झडप पनि भएको सुखलले बताए।'हामी भन्दै थियौं, पैसाको व्यवस्था भएन। विवाहपछि सिक्री पनि दिन्छौ। तर, बेहुला पक्षले मानेनन्,' सुखलले नागरिकन्यूजसँग भने। जति मनाएपनी नमान्दा बेहुला पक्षले कुटपिटमा समेत उत्रेपछि प्रहरी आइपुग्यो र बेहुला सहित ३-४ जनालाई नियन्त्रणमा लिएर अनुसन्धानका लागि पक्राउ गरेको छ। विवाह नभएपछि रमिताको आँसु रोकिएको छैन। स्थानीय केही व्यक्तिले सिक्री दिएर पनि बिहे गर्न सुझाव दिइरहेका छन्। बिहेको बातावरण निर्माणमा जुटेका छन्। तर, अब कुनै पनि हालतमा त्यो घरमा विवाह नगर्ने अडानमा छिन् रमिता। उनले एउटा सिक्रीको लागि विवाह नगर्ने बेहुलाले उनीसँग विवाह गरेपछि झन् दाइजोको लोभमा ज्यान पनि लिन सक्ने बताइन्।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले घटनाको सत्यतथ्य आफूले बुझिरहेको बताए। उनले दाइजोका कारण विवाह रोकिएकाले पीडकलाई कानुनी कारबाही गर्नुपर्ने बताए। ढुङ्गेलले भने, 'बेहुली पक्षले जाहेरी दियो भने दाइजो कसुरको मुद्दामा हामी बेहुला पक्षमाथि कारबाही गर्छौं।'

अहिले दुवै पक्षलाई श्रीपुर वडा कार्यालयमा राखिएको छ।

मधेस प्रदेशमा बालविवाह र दाइजो प्रथाको विगबिगी छ। दाइजोका कारण विवाह रोकिएको यो एउटा उदाहरण मात्र हो। दाइजो नदिएकै कारण विवाह रोकिने र विवाह भइसकेपछि पनि हत्या गरिने जस्तो जघन्य अपराध निरन्तर हुँदै आएका छन्।

सरकारले बालविवाह र दाइजो प्रथालाई निर्मूल पार्ने भन्दै आए पनि यो व्यवहारमा लागू हुन सकेको छैन। दाइजोलाई बेहुलीतर्फबाट बेहुलालाई विवाह गरेर जाँदा दिइएका उपहारका रूपमा अत्यन्त हलुका ढङ्गले लिइएको पाइन्छ। सतहमा त्यस्तो देखिए पनि गहिराइ भने अत्यन्त भयानक र दर्दनाक रहेको एक कानुन व्यवसायी बताए।प्रहरी उपरीक्षक ढुङ्गेलले भने, 'दाइजोलाई सामान्य उपहार जस्तो बुझिन्छ। उपहार त दिए पनि हुन्छ, नदिए पनि हुन्छ। तर, दाइजो त सदियौंदेखि समाजमा जरा गाडेर बसेको छ।'

# नवनिर्वाचित अध्यक्ष दाहालले लिए शपथ



काठमाडौं ।

राष्ट्रिय सभाका नवनिर्वाचित अध्यक्ष नारायण दाहालले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार शीतलनिवासमा आयोजित समारोहमा दाहाललाई शपथ खुवाउनुभएको हो ।मंगलबार नै राष्ट्रिय सभा अध्यक्षमा दाहाल निर्वाचित हुनुभएको हो ।


## बलवा नगरपालिकाद्वारा
## जनहितमा जारी संदेश

३. नसर्ने रोगहरुको जोखिम कम गर्न स्वस्थ जीवनशैली अपनाऔं

- सुर्तीजन्य पदार्थ तथा मदिरा सेवन नगरौं ।
- शरिरको मोटोपन घटाउन नियमित व्यायाम गरौं ।
- उचाई अनुसार शरिरको तौल कायम गरौं ।
- चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं ।
- दैनिक ५ ग्राम भन्दा कम नुन खाने गरौं
- मानसिक तनाव नलिऔं र रिसाउने बानी नगरौं ।
- अन्न, दाल, गेडागुडी, दुध, दही, माछा, बोसो नभएको मासु, अण्डा सहितको सन्तुलित खाना र हरियो सागसब्जी, फलफुल प्रशस्त रुपमा खाने गरौं ।
- कोल्ड ड्रिङ्क्स, गुलिया पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकराहरु नखाऔं ।

बलवा नगरपालिका
बलवा ,महोत्तरी



## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म निःशुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।

हाम्रा बिशेषताहरु

निःशुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहेनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

## राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला -४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
email:gaushalakhabar6684@gmail.com मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०